# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

**रा. बी. कं. भवन, रामशाहपथको**

## सुरक्षा गार्ड सेवा र अन्य सेवा आपूर्ति गर्नको लागि गोप्य सिलबन्दी बोलपत्र आह्वान

**(प्रकाशित मिति २०७४/०४/१३ )**

यस कम्पनीको प्रधान कार्यालय तथा शाखा कार्यालयकरुमा निम्न लिखित संख्या तथा शर्तहरुमा सुरक्षा गार्ड सेवा र अन्य सेवा उपलब्ध गराउन इच्छुक, सक्षम र नेपाल सरकारबाट स्वीकृति प्राप्त एजेन्सीहरूबाट उक्त सेवा उपलब्ध गराउने कर्मचारीहरूको वार्षिक दररेट स्पष्ट खुलाई गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ। उल्लेखित कर्मचारीहरूको लागि व्यक्तिगतरूपमा दरखास्त दिन नमिल्ने ब्यहोरा समेत जानकारी गराइन्छ। सुरक्षा गार्ड सेवाको लागि करार मिति २०७४/०५/०१ देखि र अन्य सेवाको लागि मिति २०७४/०६/०१ देखि लागु हुने गरी कारार गर्न बोलपत्र पेश गर्नु पर्ने छ। यस बाहेक बोलपत्रका शर्तहरु निम्न बमोजिम हुने छन् :

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सुरक्षा गार्ड सेवा | १३ | प्र.का.मा ५ जना र शाखा कार्यालयहरुमा ८ जना |
| २. | अन्य सेवा | ३६ | प्र.का.मा सवारी चालक –४, कार्यालय सहयोगी–१७, सफाई कर्मचारी–१, मालि–१ र शाखा कार्यालयहरुमा कार्यालय सहयोगी -१३ जना |

१. बोलपत्रदाताले संस्था दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र उल्लेखित कर्मचारी उपलब्ध गराउन पाएको स्वीकृति, नोटरी पब्लिक वा यस कम्पनीको अधिकृतबाट (नाम, थर, दर्जा र कार्यालय समेत खुलाई) प्रमाणित गराई पेश गर्नु पर्ने छ।

२. सप्लायर्स एजेन्सीले उपलब्ध गराउने कर्मचारीहरुमा सुरक्षागार्डको हकमा सुरक्षाकर्मीहरू सैनिक सेवा वा प्रहरी सेवाबाट नियमानुसार अवकाश पाएका ५५ वर्ष उमेर ननाघेका हुनु पर्ने छ भने अन्य सेवाको हकमा कर्मचारीहरु १८ वर्ष पुरा भई ३५ वर्ष उमेर ननाघेको हुनु पर्ने छ। दुवै सेवाका कर्मचारीहरु कुनै बात कसुर नलागेको, इच्छुक सक्षम र स्वस्थ नेपाली नागरिक हुनुपर्नेछ।

३. बोलपत्र पेश गर्दा खाम बाहिर "सुरक्षा गार्ड सेवा आपूर्ति गर्ने बारेको सिलबन्दी बोलपत्र" वा "अन्य सेवा आपूर्ति गर्ने बारेको सिलबन्दी बोलपत्र" भनी स्पष्ट उल्लेख गर्नुपर्नेछ। कुनै १ सप्लायर्स एजेन्सीले १ वा दुवै सेवाको लागि बोलपत्र पेश गर्दा छुट्टा छुट्टै बोलपत्र पेश गर्नु पर्ने छ ।

४. यो सूचना गोरखापत्रमा प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय प्रशासन बिभागमा बुझाई सक्नुपर्नेछ। परेका बोलपत्रहरू प्रथमपटक सूचना प्रकाशित मितिले १६ औं दिनका दिन दिउँसो २ बजे यस कम्पनीमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उक्त समयमा उपस्थित हुनुपर्नेछ, तर निजहरूको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र बुझाउने अन्तिम दिन र खोल्ने दिन बिदा परेमा बिदाको भोलिपल्टको मिति कायम हुनेछ।

५. बोलपत्र साथ बोलपत्र दाताले कर्मचारीहरु उपलब्ध गराउन माग गरेको एक वर्षको हुने भ्याटसहित कुल रकमको २.५ प्रतिशले धरौटी वापत यस कम्पनीको बैंक अफ काठमाडौंको कल खाता नम्बर ०७०००००००४९३५२४ मा जम्मा गरेको सक्कलै भौचर आर्थिक प्रस्ताव भित्र खामबन्दी गरि पेश गर्नुपर्नेछ। स्वीकृत हुने बोलपत्र दाताले कम्पनीबाट सूचना पाएको ३ दिनभित्र थप धरौटी २.५ प्रतिशत उपरोक्त अनुसारनै जम्मा गर्नुपर्नेछ। नगरेमा धरौटी रकम जफत भई स्वीकृत बोलपत्र रद्द हुनेछ।

६. अस्वीकृत बोलपत्रदाताको धरौटी रकम बोलपत्र खोलेको ७ दिनपछि फिर्ता गरिनेछ र धरौटी रकम फिर्ता गर्दा ब्याज दिइनेछैन।

७. बोलपत्र पेश गर्ने एजेन्सीसँग सुरक्षाकर्मीहरूलाई तालिम दिने युनिट भए नभएको उल्लेख गर्नुपर्नेछ।

८. बोलपत्रदाताहरुको निम्न अनुसारको सक्षमता हुनुपर्नेछ :-

(क) बोलपत्र दाताको Company Profile समावेश हुनुपर्नेछ।

(ख) कम्पनीले सुरक्षाकर्मी तथा अन्य सेवा आपूर्ति गर्ने कार्यमा कमसेकम ३ वर्षदेखि कार्यरत रहेको हुनुपर्नेछ।

(ग) कम्पनीले बोलपत्र दर्ता गर्ने मिति सम्ममा ५ प्रतिष्ठित Corporate Body मा कमसेकम १५० जवान सुरक्षाकर्मीहरू तथा सम्वन्धित कर्मचारीहरु आपूर्ति गरी कार्यरत रहेको हुनुपर्नेछ।

(घ) कम्पनीले एक वर्षभन्दा बढी अवधि देखि २५ जना वा सो भन्दा बढी सुरक्षाकर्मी तथा सम्वन्धित कर्मचारीहरु आपूर्ति गरेका ३ वटा Corporate Body ले उपलब्ध गराइएको जनशक्तिको सेवा विश्वसनीय एवं भरपर्दो भएको ब्यहोराको पत्र जारी गरेको हुनुपर्नेछ।

(ङ) ठेक्का प्राप्त गरी सकेपछि आपूर्ति गरिएका सुरक्षाकर्मीहरू तथा सम्वन्धित कर्मचारीहरु विविध कारणले कार्यरत रहन नसकेको अवस्थामा कम्पनीबाट सूचना पाएको मितिले ३ दिनभित्र नयाँ उपयुक्त सुरक्षाकर्मीहरू उपलब्ध गराई Replacement गराउन सक्ने हैसियतको हुनुपर्नेछ।

(च) कम्पनीको र कम्पनीमा संलग्न प्रमुख सञ्चालक/व्यवस्थापकहरू कहीं कतै कुनै पनि कारणले कालो सूचीमा परेको हुनुहुँदैन।

(छ) सवारी चालक, कार्यालय सहयोगी, माली र सफाई कर्मचारी उपलब्ध गराउने बोलपत्र दाता वा कम्पनीले नेपाल सरकारको प्रचलित श्रम ऐनको दायरामा रही तलब सेवा सुविधा संचयकोष कट्टी र बीमा सुविधा उपलब्ध गराई कार्य सम्पादन गर्नु पर्ने छ। साथै, कम्पनीले आ.ब.२०७३/७४ मा सवारी चालक, कार्यालय सहयोगी, माली र सफाई कर्मचारी लगाएत कर्मचारीलाई नेपाल सरकारले तोकेको न्यूनतम तलब, संचयकोष कट्टी गरेको फाँटबारी एवं बीमा प्रिमियम तिरेको विवरण बोलपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ।

९. कुनैपनि बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ।

१०. रीत नपुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. यस बिषयमा थप जानकारी आवश्यक परे कार्यालय समयभित्र यस कम्पनीको सामान्य प्रशासन बिभागमा सम्पर्क राख्न सकिनेछ।

१२. स्वीकृत बोलपत्र दातालाई कम्पनीको प्रधान कार्यालयबाट भुक्तानीको ब्यवस्था मिलाइनेछ।

१३. बोलपत्र पेश गर्दा शर्त नम्बर ८ बमोजिम सक्षम बोलपत्रदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलीने छ। बोलपत्र भित्र आर्थिक प्रस्तावको लागि छुट्टै सिलबन्दी खाम बाहिर "आर्थिक प्रस्ताव" लेखि बोलपत्र पेश गर्नु पर्ने छ।

१४. हाल सुरक्षा गार्ड प्रधान कार्यालय, शाखा कार्यालयका लागि कम्पनीको आवश्यकतानुसार थप व्यवस्था गर्दै लगिनेछ।

१५. नेपाल सरकारले तोकेको मजदुरहरुको न्यूनतम् पारिश्रमिक भन्दा कम हुने गरी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन। साथै चाडबाड खर्च बापत थप एक महिनाको तलब समेत उपलब्ध गराउनु पर्नेछ।